# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ बमोजिम प्रकाशन गरिएको त्रैमासिक विवरण

कार्यालयः आन्तरिक राजस्व कार्यालय पोखरा

आर्थिक वर्षः २०७९/८० अवधिः २०७९ माघ महिनादेखि चैत्र सम्म

| सि.नं. | शीर्षक | विवरण |
|---|---|---|
| १ | निकायको स्वरूप र प्रकृति | १. पृष्ठभूमि<br>कर प्रणालीलाई शासन व्यवस्थाको मेरूदण्डको रूपमा लिइन्छ । सुदृढ कर प्रणालीका माध्यमबाट नै राज्य प्रभावकारी ढंगले संचालन हुने, दिगो आर्थिक विकास हासिल हुने र सुशासन कायम हुन गई सेवा प्रवाह प्रभावकारी बन्न सम्भव हुन्छ ।कर प्रणाली अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन् । समय सापेक्ष कर नीति, सरल कर कानून, इमान्दार करदाता, पारदर्शी एवं जिम्मेवार र व्यावसायिक कर प्रशासन कर प्रणालीका आधार हुन् । करदाताहरुको सेवालाई मध्यनजर गर्दै कर प्रशासनलाई प्रभावकारी बनाउने अभिप्रायले आन्तरिक राजस्व विभागले विगत लामो समय देखि सेवा प्रवाहलाई सरल तथा करदातामैत्री बनाउँदै आएको छ ।<br><br>कर प्रशासनलाई थप प्रभावकारी बनाई अधिकतम राजस्व परिचालन गर्न, करदाताको आवश्कताका आधारमा सेवा प्रवाह तथा कर शिक्षा आदि कार्यहरूलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार आन्तरिक राजस्व कार्यालय पोखराको स्थापना भएको हो ।<br><br>यस कार्यालय कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं ७ रत्नचोकमा अवस्थित रहेको छ। यस कार्यालयको कार्याक्षेत्र कास्की जिल्ला र स्याङ्जा जिल्ला रहेका छन् । यस कार्यालय अन्तर्गत रहेर करदाता सेवा कार्यलय पुतलीबजारले स्याङ्जा जिल्लामा सेवा प्रवाह गरिरहेको छ।<br><br>प्रभावकारी कर शिक्षा र करदातामैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक श्रोत परिचालनमा बृद्धि ल्याउने उद्देश्यका साथ "स्वच्छेक कर सहभागितामा अभिबृद्धिः सुशासन, विकास र समृद्धि " भन्ने मूल नाराका साथ आफ्ना गतिविधिहरू सोही तर्फ लक्षित गरी कार्य गर्दै आएको छ । |

<table>
<tr><td>२.</td><td>कार्यालयको काम, कर्तव्य र अधिकार</td><td>प्रमुख कार्यहरूः<br>**करदाता सेवा**<br>**कर संकलन**<br>**कर परीक्षण तथा अनुसन्धान**</td></tr>
<tr><td>३.</td><td>कर्मचारी दरबन्दी विवरण</td><td>
<table>
<tr><th>क्र.स.</th><th>पद</th><th>श्रेणी</th><th>स्वीकृत दरबन्दी</th><th>पदपूर्ति</th><th>रिक्त</th></tr>
<tr><td>१.</td><td>प्रमुख कर अधिकृत</td><td>रा.प. द्धितिय</td><td>१</td><td>१</td><td>०</td></tr>
<tr><td>२.</td><td>कर अधिकृत</td><td>रा.प.तृतीय</td><td>९</td><td>७</td><td>२</td></tr>
<tr><td>३.</td><td>कम्प्यूटर अधिकृत</td><td>रा.प.तृतीय</td><td>१</td><td>१</td><td>०</td></tr>
<tr><td>४.</td><td>नायब सुब्बा</td><td>रा.प. अन. प्रथम</td><td>१०</td><td>१०</td><td>०</td></tr>
<tr><td>५.</td><td>लेखापाल</td><td>रा.प. अन. प्रथम</td><td>१</td><td>१</td><td>०</td></tr>
<tr><td>६.</td><td>टाईपिष्ट</td><td>रा.प. अन. प्रथम</td><td>फाजिल</td><td>२</td><td>०</td></tr>
<tr><td>७</td><td>डा.ई.सु./ कम्प्यूटर अपरेटर</td><td>रा.प. अन. प्रथम</td><td>४</td><td>४</td><td>०</td></tr>
<tr><td>८.</td><td>कार्यालय सहयोगी</td><td>श्रेणी विहिन</td><td>३</td><td>३</td><td>०</td></tr>
<tr><td>९.</td><td>हलुका सवारी चालक</td><td>श्रेणी विहिन</td><td>२</td><td>२</td><td>०</td></tr>
</table>
</td></tr>
</table>

| | | |
|---|---|---|
| ४. | शाखागत कार्य विवरण र जिम्मेवार अधिकारी | **करदाता सेवा शाखा**<br>➢ व्यवसाय दर्ता/ खारेजी/ अद्यावधिक गर्ने<br>➢ व्यक्तिगत स्थायी लेखा नम्बर जारी गर्ने<br>➢ कर चुक्ता प्रमाणपत्र जारी गर्ने<br>➢ बायोमेट्रिक तथा फायल व्यवस्थापन गर्ने<br>➢ व्यवसायको ठाउँसारी गर्ने<br>➢ विद्युतीय विजकलाई स्वीकृत तथा अनुगमन गर्ने ।<br><br>**संकलन तथा अन्तः शुल्क शाखा**<br>➢ मूल्य अभिवृद्धि कर समायोजन सम्बन्धी कार्य गर्ने<br>➢ आयकर तथा मूल्यअभिबृद्धि कर बक्यौता असुलीसम्बन्धी कार्य गर्ने<br>➢ राजस्व भौचर संशोधन गर्ने<br>➢ अन्तः शुल्क सम्बन्धी कारोबारकालागि इजाजत प्रदान तथा नविकरण गर्ने<br>➢ अनुगमन तथा आवश्यक कारबाही गर्ने<br><br>**कर परीक्षण तथा अनुसन्धान शाखा**<br>➢ बजार अनुगमन गर्ने<br>➢ छानबिन तथा अनुसन्धान गर्ने<br>➢ कर परीक्षण गर्ने |
| ५. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | सेवाग्राहीले प्राप्त गर्ने सेवाको सन्दर्भमा लाग्ने समय, लागत र जिमेवार अधिकृत तोकि नागरिक बडापत्रमा उल्लेख गरिएको छ । |
| ६. | निर्णय गर्ने प्रकृया र अधिकारी | शाखागत रुपमा गरिनुपर्ने कार्य कार्यालय प्रमुखबाट निर्णय गराई कार्य सम्पादन हुने गरेको छ। |
| ७. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | कार्यालय प्रमुखः रमेश शर्मा<br>प्रमुख कर अधिकृत<br>मोवाईल नम्बरः ९८५६०३४४९ |
| ८. | सूचना अधिकारी | कर अधिकृतः गोपाल गिरी<br>मोवाईल नम्बरः ९८५६०४७५६० |

**९. सम्पर्क विवरण**

टेलिफोन नः ०६१४५४३०८, ०६१४५४३६३
web: https://ird.gov.np/branch/inlandrevenueofficepokhara
email: iro२२@ird.gov.np
facebook: https://www.facebook.com/iropokhara/

**१०. सम्पादन गरेको कामको विवरण**

**२०७९ चैत्र मसान्त सम्म**

| परिसूचक | चैत मसान्तसम्म जम्मा |
|---|---|
| व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता संख्या | १४८०३६ |
| स्थायी लेखा नम्बर दर्ता संख्या | ६५३५२ |
| मूल्य अभिबृद्धि करमा दर्ता संख्या | ११९६८ |
| अन्तः शुल्क इजाजत संख्या | ४४९२ |
| विथहोल्डर स्थायी लेखा नम्बर दर्ता संख्या | ३१० |
| **कूल जम्मा (१+४+५)** | **२१३६९८** |

**११. सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**

**राजस्वको लक्ष्य र असुली (रकम रू हजारमा)**

| | २०७९ चैत्र मसान्तको | | २०७९ चैत्र मसान्त सम्मको | | |
|---|---|---|---|---|---|
| Group | Monthly Target | Monthly Collection | Total Target | Total Collection | Percent |
| (A) Income Tax | 657842 | 378316 | 2520352 | 2149850 | 85.30 |
| (B) House Rent Tax | 6932 | 5654 | 53551 | 45066 | 84.15 |
| (C) Interest | 11437 | 9814 | 231579 | 214523 | 92.63 |
| (E)VAT (Internal) | 147647 | 119283 | 1106918 | 1094103 | 98.84 |
| (D) Excise (Internal) | 22360 | 10288 | 160070 | 126500 | 79.03 |
| (G) Education | 49 | | 409 | 22 | 5.41 |
| Total | 846268 | 523356 | 4072879 | 3630063 | 89.13 |

**१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण**

| महिना | चालु खर्च | पुँजिगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| **माघ** | २०४९२१०.०० | ० | २०४९२१०.०० |
| **फागुन** | १७५१४६७.०० | ० | १७५१४६७.०० |
| **चैत्र** | २६००३४८.०० | ३००००.०० | २६३०३४८.०० |
| **जम्मा रू.** | ६४०१०२५.०० | ३००००.०० | ६४३१०२५.०० |

| | | |
|---|---|---|
| १३. | अन्य कार्यहरू | **करदाता शिक्षाः** कर कानून, परिपर्तित व्यवस्था र पालना गर्नुपर्ने न्यूनतम मापदण्डबारे जानकारी दिने उद्देश्यले समय समयमा कर शिक्षा कार्यक्रम गर्ने गरिएको ।<br>**गुनासो तथा सझाव पेटिकाको व्यवस्थाः** कार्यालयसँग सम्बन्धित विषयमा सेवाग्राही वा आम नागरिकको गुनासो भएमा सो को लागि सुझाव पेटिका राखिएको । प्राप्त गुनासो र सुझावहरूको शीघ्र सम्बोधन गर्ने गरिएको । कार्यालयको मेल iro22@ird.gov.np मार्फत प्राप्त हुने गुनासो, सुझाव तथा उजुरीलाई पनि तत्काल सम्बोधन गर्ने गरिएको ।<br>**सेवाग्राहीलाई सहजताः** सेवाग्राहीको सहजताका लागि बस्न मिल्ने गरी बेन्चको व्यवस्था मिलाईएको छ । कार्यालयमा Wifi कनेक्ट हुने व्यवस्था मिलाईएको छ । सेवाग्राहीका लागि शुद्ध खानेपानी र शैचालयको व्यवस्था छ ।<br>**सूचना प्रवाहः कार्यालयको गतिविधि, करकानूनमा भएका परिवर्तन तथा कार्यालयका सूचनाहरू वेभसाइट** https://ird.gov.np/branch/inlandrevenueofficepokhara र फेसबुक पेज https://www.facebook.com/iropokhara/ मार्फत सार्वजनिक गर्ने गरिएको छ । |